# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**<u>आदेश</u>**

**मु.नं. ४१७/२०७१/०७२**

रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. १२ बस्ने रविन्द्र शाह ......................................१ निवेदक

**<u>विरूद्ध</u>**

कार्यालय प्रमुख, मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौर .....................१ विपक्षी
सूचना अधिकारी, मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौर ......................१

**विषय :- <u>माग बमोजिमको सूचना उपलब्ध गराउनू ।</u>**

रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. १२ बस्ने रविन्द्र शाहले मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनांमा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मध्यमाञ्चल सिंचाई विकास सब-डिभिजन नं. १ रौतहट, गौरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**<u>तपसिल</u>**

१. यस कार्यालयको नाममा रहेको सम्पूर्ण बैंक खाताको स्टेटमेन्टको प्रमाणित प्रतिलिपि माग भएकोमा वार्षिक वजेटको रकम खुलाई दिने ।

२. यस कार्यालयको आ.व. २०७०/०७१ को बार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

राष्ट्रिय सूचना आयोग
२०६५

३. यस कार्यालयमा आ.व. २०७१/०७२ को लागि आएको अख्तियारी पत्रको प्रमाणित प्रतिलिपि ।

४. यस कार्यालयमा आ.व.२०७१/४/१ गतेदेखि २०७१/११/३० गतेसम्मको खर्चको फाँटवारीको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त . | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।